क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्ष: २०, अङ्क: ९५, २०८२ असोज ०१ गते बुधबार (17 Sep., 2025) -मूल्य: रु. ५१-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ ।

-पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।

-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

## सिमला जिप दुर्घटना : दसैंमा घर फर्किने योजना थियो, शव लिएर आउनुपर्‍यो

**-पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, ३१ भदौ**

दसैं नजिकिँदै गर्दा घर फर्किने हतारोका कारण काम सक्ने चटारोमा थिए सिमलामा स्याउ टिप्न पुगेका नेपाली कामदारहरु ।

एक/डेढ सातामै स्याउ टिप्ने, ढुवानी गर्ने र ग्रेडिङको काम सकेर घर फर्किने योजना बनाएका नेपाली कामदारको सोमबार बिहान सिमलाको कोटखाई उपमण्डलको रामनगर क्षेत्रमा पर्ने खोलामा जिप दुर्घटनामा मृत्यु भयो ।

सल्यानको कुमाख गाउँपालिका-४ बस्नेतज्यूलाका एउटै परिवारका ३ सहित ४ जनाको मृत्यु भएको छ भने ३ जना घाइते भएका छन् । मृत्यु हुनेमा ४७ वर्षीय डिल्लीबहादुर शाही, ३७ वर्षीय एकेन्द्र शाही, २४ वर्षीय लक्ष्मी शाही र ३७ वर्षीय राजेश विष्ट रहेका छन् । घाइते हुनेमा नेपबहादुर शाही, साजन शाही र हेमन्त शाही रहेका छन् । उनीहरु सामान्य उपचार पछि डिस्चार्ज भइसकेका छन् ।

सोमबार बिहान जिपमा चढेर नेपाली कामदारहरु स्याउ ढुवानीका लागि रामनगरबाट बारी भएको क्षेत्र खोलातिर गइरहेका थिए । मृतक लक्ष्मी र चालक जोगेन्द्रसिंह डोगरा (स्याउ फार्मका मालिक, उनको पनि दुर्घटनामा मृत्यु भएको छ) गाडीभित्र थिए । अन्य ६ जना नेपाली कामदारहरु जिपको छतमा बसेका थिए । घुम्तीमा अगाडिबाट आएको कारलाई साइड दिन ब्याक गर्ने क्रममा नेपाली कामदार चढेको जिप पल्टिएर दुर्घटना भएको हो ।

'हामीले त तलतिरको सडकमा पछारिएपछि मात्रै थाहा पायौं,' दुर्घटनामा पनि घाइते भएका नेपबहादुर शाहीले भने, 'गाडी ब्याक गर्ने क्रममा के भयो के भयो केही थाहा भएन ।' उनका अनुसार लक्ष्मी, एकेन्द्र र राजेशको घटनास्थलमै र डिल्लीको सिमलास्थित अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

कोटखाई प्रहरीका अनुसार घुम्तीमा अनियन्त्रित भएर जिप दुर्घटना भएको हो । प्रहरीका अनुसार एक पटक बारीबाट ल्याएका स्याउका क्रेट खाली गरेर जिप फेरि बारीतर्फ गइरहेको थियो । जिपको पछाडि खाली क्रेटहरु भएका कारण कामदारहरु छतमा बसेका थिए ।

दुर्घटनामा परी घाइते भएका साजन र मृतक लक्ष्मी दम्पती हुन् । उनीहरु दुई वर्षदेखि सोही क्षेत्रमा काम सिजन अनुसार स्याउ टिप्नेदेखि गोडमेल लगायतका काम गरिरहेका थिए । अन्य भने एक महिनाअघि रामनगर पुगेका हुन् । 'हामीहरु सिमलाकै अन्नी बजार भन्ने ठाउँमा पानी ट्यांकी मर्मतदेखि पाइप जडानको काम गर्थ्यौं,' शाहीले भने, 'त्यो काम पाउन छाडेपछि स्याउ ढुवानीको काममा आएका हौं, एक महिना मात्रै भएको थियो, यस्तो दुर्घटना भयो ।' दुर्घटनालगत्तै उद्धार गरेर कोटखाईस्थित अस्पताल लगिएको उनले बताए ।



शाहीका अनुसार घटनास्थलमै मृत्यु भएका लक्ष्मी, एकेन्द्र र राजेशको कोटखाइ अस्पतालमै पोष्टमार्टम गरेर शव घर ल्याउन लागिएको छ । उनीहरु मंगलबार दिउँसो सिमलाबाट हिँड्ने तयारीमा छन् । उपचारका क्रममा मृत्यु भएका डिल्लीको शव सिमला अस्पतालमै रहेको र उनको पोष्टमार्टमको तयारी भइरहेको शाहीले बताए । पोष्टमार्टम पछि उनको पनि शव घरतर्फ ल्याइने उनले बताए । दुर्घटनामा परी स्याउ फार्मको मालिक जोगेन्द्रको पनि मृत्यु भएका कारण ज्यालासमेत नपाएको शाहीले बताए । मालिकका अन्य भाइहरु पनि छन् । उनीहरुले अन्तिम संस्कारलगायतको काम सकेर आएपछि ज्याला उपलब्ध गराउने आश्वासन दिएको शाहीले बताए ।

भारतको हिमाञ्चल प्रदेशको सिमलामा साउनदेखि नै स्याउ टिप्ने चटारो सुरु हुन्छ । यो दसैं तिहारसम्मै चल्छ । स्याउ टिप्ने काम कतै असोज सुरुमै सकिन्छ भने कतै कात्तिकसम्मै चल्छ । स्याउ टिप्ने, ढुवानी गर्ने र ग्रेडिङलगायतको काममा नेपाली कामदार ठूलो संख्यामा सिमलाका विभिन्न क्षेत्रमा पुग्छन् । सिमलाबाट ६० किलोमिटर दूरीमा रहेको कोटखाई उमपण्डलअन्तर्गत रामनगर क्षेत्रमा पनि अहिले स्याउ टिप्ने काम अन्तिमतिर थियो । परिवारसँगै दसैं मनाउने योजना बनाएकाहरुको अब शव घर आउँदैछ ।

भारतको हिमाञ्चल र उत्तराखण्डमा बर्सेनि प्राकृतिक प्रकोप र सडक दुर्घटनामा ठूलो संख्यामा नेपाली कामदारहरुले ज्यान गुमाइरहेका छन् । अदक्ष कामदारका रुपमा हिमाञ्चल र उत्तराखण्डको उच्च पहाडी भेगमा पुग्ने नेपालीहरुले जोखिमपूर्ण क्षेत्रमा काम गर्ने गरेका छन् । यसका लागि उनीहरुलाई सुरक्षाका कुनै तालिम तथा उपकरण समेत उपलब्ध हुँदैन ।

एक महिनाअघि मात्रै भारत उत्तराखण्डको उत्तरकाशीं जिल्लाको हर्षिल क्षेत्रमा पर्ने धरालीमा क्लाउड ब्रष्टपछि आएको बाढीमा परेर २१ जना नेपाली बेपत्ता भएका थिए । उनीहरुको हालसम्म कुनै अत्तोपत्तो छैन । बेपत्ता मात्रै होइन जेनतेन ज्यान जोगाएकाहरुको कपडादेखि मजदुरी गरेको ज्यालासमेत बाढीमै बिलायो । उनीहरु सहयोग संकलन गरेर घर फर्किए । साउन तेस्रो हप्ता नै उत्तराखण्डकै पौडी गढवाल जिल्लाको बंकुरामा पनि क्लाउड ब्रष्टपछि पहिरो जाँदा सडक निर्माणमा खटिएका ५ जना नेपाली कामदार बेपत्ता भएका थिए ।

## दशैंको टीकाको उत्तम साइत ११ बजेर ५३ मा



**-पश्चिम नेपाल संवाददाता**
**काठमाडौं, ३१ भदौ**

यस वर्षको बडादशैंको टीकाको उत्तम साइत असोज १६ गते बिहान ११:५३ बजे रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

विजया दशमीका दिन बिहान ९:२३ बजे देवी विसर्जनको साइत छ । टीका लगाउँदा लगाइमाग्ने पूर्व दिशा फर्किनुपर्ने जनाइएको छ । २०८२ सालको बडादशैं असोज ६ गतेदेखि सुरु हुन्छ । ६ गते घटस्थापना हो । बिहान ९ बजेर १३ मिनेटमा घटस्थापनाको साइत रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले आज जारी गरेको सूचनामा उल्लेख छ ।

असोज ७ गते मंगलबार बिहान ९:५३ बजे झण्डा फेर्ने साइत पर्छ भने असोज ११ गते शनिबार श्रीपचलीभैरव यात्रा हुनेछ ।

असोज १३ गते सोमबार फूलपाती, श्री तुलजाभवानी यात्रा बिहान ७:१७ बजे र स्थिरासन बिहान ९:२३ बजे तोकिएको छ ।

## पहिरो खस्दा महाकाली राजमार्ग अवरुद्ध



**-पश्चिम नेपाल संवाददाता**
**बैतडी, ३१ भदौ**

बैतडीको दोगडाकेदार गाउँपालिकाको सलसेनामा पहिरो खस्दा महाकाली राजमार्ग अवरुद्ध भएको छ ।

सोमबार राति परेको अविरल वर्षाले मंगलबार बिहान सवा ९ बजेतिर सडकमाथिबाट पहिरो खस्दा महाकाली राजमार्गको सतबाँझ-गोकुलेश्वर सडक खण्ड अन्तर्गत सलसेनामा पहिरो खसेपछि राजमार्ग अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता, प्रहरी निरीक्षक बलराम पाण्डेले बताए ।

राजमार्ग अवरुद्ध भएपछि दार्चुलाबाट विभिन्न जिल्लाका लागि छुटेका गाडी र तराईबाट दार्चुलाका लागि छुटेका रात्रिकालीन गाडीहरू बीचबाटोमै रोकिएका छन् । यस्तै बैतडीबाट गोकुलेश्वरका लागि र गोकुलेश्वरबाट बैतडीका लागि छुटेका गाडी पनि बीचबाटोमै रोकिएका छन् ।

राजमार्गमा खसेको पहिरो सफा गर्नका लागि दोगडाकेदार गाउँपालिका र सडक डिभिजन कार्यालय बैतडीसँग समन्वय भइरहेको उनले बताए । यो राजमार्ग अवरुद्ध हुँदा दार्चुला र बैतडीको गोकुलेश्वर, डिलासैनी जाने यातायात बन्द हुन्छ ।

## भवन जले पनि लाइसेन्सको विवरण सुरक्षित छ: यातायात व्यवस्था विभाग

**-पश्चिम नेपाल संवाददाता**
**काठमाडौं, ३१ भदौ**

जेनजीको आन्दोलनबाट आगलागी भएको यातायात व्यवस्था विभागको भवन जले पनि त्यहाँ भएको तथ्यांकहरु सुरक्षित रहेको पाइएको छ । विभागका अनुसार विभागमा रहेको अन्य प्रायः सबै सामाग्री जलेर नष्ट भए पनि त्यहाँको तथ्याङ्क भने सुरक्षित रहेको पाइएको हो ।

विभागले लाइसेन्स (सवारी चालक अनुमति पत्र) को विवरण एकीकृत डाटा व्यवस्थापन केन्द्रमा पनि लगेर राखेको थियो । कार्यालयमा पनि राखेको थियो । सिंहदरबारमा रहेको केन्द्रमा र विभागमा रहेको डाटा ब्याकपमा सुरक्षित रहेको छ । यातायात व्यवस्था विभागका आइटी डाइरेक्टर केशव खतिवडाले सबै नेपालीको लाइसेन्सको तथ्याङ्क सुरक्षित रहेको बताए ।



उनले नेपाल प्रेससँग कुरा गर्दै भने, 'सबैको लाइसेन्सको तथ्याङ्क सुरक्षित रहेको छ । हामीले तथ्याङ्क भएको एउटा डाटा ब्याकप विभागमा थियो । एउटा सिंहदारमा राखिएको थियो । विभागमा भएको डाटा ब्याकप पनि सुरक्षित रहेको छ । ब्याकप राखेको कोठामा धेरै क्षति नभएको कारणले नै सुरक्षित रहेको हो । भने, सिंहदरबारमा भएको ब्याकप पनि सुरक्षित नै छ ।'

आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
डा. रेनुका यादव
MBBS, MD (Paediatric)
- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू. पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज

आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु कैशलेस (निःशुल्क) उपचार व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
website: www.anandhospital.org, Email: info@anandhospital.org, chhabra1967@gmail.com
24 घण्टे आपातकालीन सुविधा

# सुदूरपश्चिममा उदयदेव सहकारीले निरन्तर लगानी र निक्षेप बृद्धि गर्दै




**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, ३१ भदौ**

सुदूरपश्चिमको उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले प्रदेशमा लगानी र निक्षेप संकलन बृद्धि गर्दै गईरहेको छ । २६ बर्षदेखि सहकारी क्षेत्रमा कार्यरत रहेको उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले प्रदेशमा लगानी र निक्षेप संकलन बृद्धि गर्दै गईरहेको हो । केन्द्रीय कार्यालय भीमदत्त नगरपालिका १८ महेन्द्रनगर, कञ्चनपुर रहेको सहकारीको तथ्याङ्क अनुसार निरन्तर हरेक बर्ष बचत, शेयर पुँजी, लगानी, नाफा बृद्धि गर्दै आईरहेको छ ।

२६ हजार २ सय १८ सदस्य रहेको उक्त सहकारीले हालसम्म १ अर्ब, ९९ करोड, ६५ लाख, ३२ हजार ६९४ रुपैया बराबरको निक्षेप संकलन गरेको हो । जुन गत आर्थिक बर्षको तुलनामा १२.१२ प्रतिशतले बृद्धि भएको जनाएको छ।१अर्ब, ६३ करोड ३० लाख, १७ हजार, ४४८रुपैया ऋण लगानी गरेको सहकारीले गत बर्षको तुलनमा ७.४५ले बृद्धि गरेको छ ।

गत आर्थिक बर्ष ०८१/०८२ मा कुल २९ करोड, ३३लाख, ८१ हजार ६०६रुपैया नाफा गरेको सहकारीले खर्च तथा कर्जा नोक्सानी व्यवस्थापन गरेर ३करोड, ७५ लाख, ९२ हजार ११७ रुपैया शुद्ध नाफा गरेको छ । सहकारीले व्यवसायिक, कृषि, औद्योगिक, हाउजिङ्ग लगायतका उत्पादनका क्षेत्रमा लगानी गरेको हो ।

गत आर्थिक बर्ष ०८१/०८२ मा मात्रै सहकारीलेसरकारलाई समाजिक सुरक्षा, आयकर, व्यक्तिगत, अन्य, ब्याज, लाभाश, घर बहाल सहितका विभिन्न अन्य करहरु गरेर २ करोड, १५ लाख, २३ हजार १७५रुपैया कर भुक्तानी गरेको छ ।

गत आर्थिक बर्षमा मात्रै सहकारीले ४ हजार, ६२० सदस्यको कर्जा बिमा गरेर ३२ लाख, ७० हजार ७५०रुपैया बराबरको आश्रित परिवार लाई क्षतिपूर्ति भुक्तानी गरेको छ ।'एक घर एक सदस्य उदयदेव सहकारीसंग एव म पनि उदयदेव सहकारीको सदस्य' अभियान अघि बढाउँदै हरेक सदस्यको शेयर पुँजी १०हजार पुऱ्याउने, प्रति व्यक्ति तीन लाख भन्दा बढि शेयर बढ्न नदिने नीति अघि सारेको छ। लेखा सुपरीवेक्षण समितिका संयोजक चित्राङ्ग थापाले प्रस्तुत गरेको प्रतिवेदनमा गत आर्थिक बर्ष भन्दा ११करोड, ३२लाख, २७ हजार, ९५३ रुपैयाले बृद्धि भई १अर्ब, ६३ करोड,

**बाँकी समाचार पृष्ट ४ मा...**

# किसान, पत्रकारदेखि जेष्ठ सहकारी सदस्यलाई सम्मान तथा पुरस्कार

**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, ३१ भदौ**

सुदूरपश्चिमको उदयदेव बहुउदेश्यीय सहकारी संस्थाले किसान, पत्रकारदेखि जेष्ठ सहकारी सदस्यहरुलाई सम्मान एव पुरस्कृत गरेको छ । मंगलबार सहकारीको २७ औं बार्षिक साधारण सभाको अवसरमा किसान, पत्रकारदेखि सहकारीका जेष्ठ सदस्यहरुलाई सम्मान पुरस्कृत गरेको हो ।

भीमदत्त नगरका मेहनत किसान बाली राना, युवा पत्रकार मोहन विष्टदेखि दर्जनौं सहकारीका शेयर सदस्यहरुलाई सम्मानका साथै पुरस्कार वितरण गरेको हो । किसान रानालाई कृषि औजार, नगद, प्रमाण पत्र सहित पुरस्कृत गरिएको छ । यस्तै कञ्चनपुरका पत्रकार मोहन विष्टलाई सहकारीले नगद प्रमाण पत्र सहित दोसल्ला ओढाएर सम्मान गर्दै पुरस्कार प्रदान गरेको जनाएको छ ।

जेष्ठ सहकारी सदस्य मानमती जोशी, हिरा जोशी, मानवती देवी डगौरा, राधा चन्द, मेघा देवी सुनाह, मन्दोदरी ठगुन्ना, जोगेनी लोहार, जमनी देवी भट्ट, गोबिन्द ठकुरानी, जानकी टमाटा, बिसरी देवी चन्द, सुना नाथ, हरिकृष्ण भट्ट, जंग बहादुर कुँवर, महाबिर चन्द, केशव नाथलाई प्रमाण पत्र, दोसल्ला ओढाएर सम्मान गरेका छन ।

कञ्चनपुरबाट प्रकासित हुने नयाँ जनक्रान्ति दैनिकका समाचार प्रमुख, कञ्चनपुरका नयाँ पत्रिका दैनिक सम्वाददाता मोहन विष्टलाई सहकारी पत्रकारिता पुरस्कार पाईएको छ। सुदूरपश्चिमको उदयदेव बहुउदेश्यीय सहकारी संस्थाले पत्रकार विष्टलाई सहकारी पत्रकारिता ०८२ प्रदान गरेको हो। कार्यक्रमका प्रमुख अथिति समेत रहेका बरिष्ठ अधिवक्ता एव सहकारीका पुर्व अध्यक्ष पूर्ण बहादुर चन्द, सहकारीका अध्यक्ष नारा जोशीले दोसल्ला ओढाएर नगद ११ हजार सहित सम्मानित गरेका छन ।

उदयदेव बहुउद्देश्यीय सहकारीका प्रमुख कार्यकारी अधिकृत गणेश बहादुर चन्दले पत्रकार विष्टले सहकारीको बृद्धि विकास, समस्यादेखि आर्थिक क्षेत्रमा कलम चलाए बाफत सम्मान गरेको बताए । पत्रकार विष्टले पुरस्कार सम्मानसंगै थप जिम्मेबारी थपिएको बताए। सहकारीले यस अघि पत्रकार राजेन्द्र विष्ट, रनि विवसलाई पनि पुरस्कृत गरेको थियो । तीन बर्षदेखि सहकारीले आर्थिक सहकारी क्षेत्रमा कामकाज गर्दै आएका पत्रकारलाई पुरस्कृत गर्दै आएको छ ।

# जेन जी आन्दोलनमा चोरिएका समान भारतीय बजारमा बिक्री

**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, ३१ भदौ**

जेन जी आन्दोलनका क्रममा भदौ २४ गते पुनर्वास नगरपालिका कार्यालयबाट समाचार चोरी गरी भारतमा बिक्री गरिएको पाइएको छ । भारतमा बिक्री गरिएका केही समान नगरपालिका फिर्ता आएका छन् ।

पुनर्वास नगरपालिकाले आन्दोलन सकिएपछि समान फिर्ताका लागि सार्वजनिक सूचना जारी गरेको छ। नगरपालिकाले प्रहरीसित सहकार्य गरी खोजी कार्य समेत अघि बढाएको छ । पुनर्वास नगरपालिका ६ का वडा अध्यक्ष मित्र सिह लामा सहित सुरक्षाकर्मी टोलीले भारतीय सीमावर्ती सहर मिलन बजारमा बिक्री गरिएका केही समान फिर्ता ल्याएका छन् ।

नगरपालिकाका अनुसार मिलन बजारबाट फिर्ता ल्याइएका समान एक नाथ ब्याट्री र दुई थान एसी कुलर छन् । भारतीय बजारमा समान बिक्री गरिएको सूचनाका आधारमा वडा अध्यक्ष सहितको टोली भारतीय बजार पुगेपछि समान भेटिएको हो ।

नगपालिकालाई समान खोजीका लागि इलाका प्रहरी कार्यालय त्रिभुवन वस्ती र सशस्त्र प्रहरीको बोर्ड आउट पोष्ट बिओपी सहित स्थानीयले साथ दिएका छन् । भदौ २४ गते जेन जी आन्दोलनका क्रममा नगरपालिकामा आगजनी, तोडफोड र लुटपाट गरिएको थियो । त्यस क्रममा कार्यालयका अति आवश्यक कागजत तथा जिन्सी सामान चार ी गरी लगिएको थियो ।

नगरपालिकाबाट कम्प्युटर, प्रिन्टर, ल्यापटप, ईन्भर्टर, व्याट्री, ए.सी., कुर्सी, टेवल, फोटोकपी मेसीन, दराज लयायतका जिन्सी माल समान चोरी गरिएको नगरपालिकाले जानकारी दिएको छ ।

चोरिएका समानमध्ये केही समान भने कार्यालयमा आएर फिर्ता गरिएका छन् । '२०८२।०५।२७ गतेबाट नगरपालिकाको आव्हान अनुसार केही सामानहरु फिर्ता हुने क्रम जारी रहेकोले फिर्ता गर्ने र फिर्ता गर्नमा सहयोग गर्न हुने नगरवासी हरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै कार्यालयका कम्प्युटर, प्रिन्टर, ल्यापटप, ईन्भर्टर, व्याट्री, ए. सी., कुर्सी, टेवल, फोटोकपी मेसीन, दराज लयायतका जिन्सी मालसामानहरु अझै फिर्ता नभएकाले जिन्सी मालसामानहरु कुनै कसैले प्राप्त गर्नुभएको छ भने कार्यालयका निम्न कर्मचारीलाई जानकारी गराई यथाशिघ्र कार्यालयमा फिर्ता बुझाउनु हुन अनुरोध छ' कार्यालयले सार्वजनिक सूचनामा भनिएको छ ।

नगरपालिकाले चोरिएका समान खरिद विक्री गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही प्रक्रिया अघि बढाउने समेत चेतावनी दिएको छ ।

लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समूहको साथमा विशेषज्ञ सेवा

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।

डा. केशव भट्ट
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. शक्ति नृसिंह यादव
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

डा. प्रशान्त भट्ट
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

डा. शोमनाथ भण्डारी
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

डा. निर्मल अमर सिंह थापा
MBBS, MS (General Surgeon)
हाड्ड्रोशिल, हर्निया, बावाशिर, पेट रोग विशेषज्ञ

लाईफ केयर क्लिनिक

099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
प्रत्येक दिन

डा. कुलदिप
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
प्रत्येक दिन




आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
डा. रेनुका यादव
MBBS, MD (Paediatric)
● कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
● अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
● एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
● मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज
आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु कैशलेस (निःशुल्क) उपचार व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585 24 घण्टे

डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, रसौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन' एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
प्रत्येक मंगलबार

डा. योगेश नागेंदर
MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

डा. गणेश बी. एल.
M.Ch (Neurosurgery)DELHI AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

चौबिसै घण्टा इमरजेन्सी सुविधा

सुविधाहरु: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाइपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।
आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।
लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।
सम्पर्क स्थान: आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

# हार्दिक बधाई

मिति २०८२ भाद्र २१ गते निर्माण व्यवसायी कञ्चनपुरको १५ औं जिल्ला अधिवेशनबाट अध्यक्षमा **श्री पुष्पराज अवस्थी ज्यू** लगायतका सम्पूर्ण पदाधिकारी र सदस्यज्यूहरूलाई बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



पुष्पराज अवस्थी
अध्यक्ष



देव बहादुर चन्द
बरिष्ठ उपाध्यक्ष



यज्ञराज बैज
उपाध्यक्ष



देवी दत्त भट्ट
महासचिव



वृज किशोर चन्द
सचिव



तेज बहादुर चन्द
कोषाध्यक्ष



हेम बहादुर महरा
सह-कोषाध्यक्ष



गणेश सुवेदी
सदस्य



महेश जोशी
सदस्य



दिपक कार्की (दिपिन)
सदस्य



नविन चन्द
सदस्य



सन्तोष खत्री
सदस्य



मनिराज रेग्मी
सदस्य



चन्द्र सिंह कार्की
सदस्य

**सञ्चालक**

**एवं**

## शनिदेव निर्माण सेवा प्रा.लि. परिवार

**महेन्द्रनगर, कञ्चनपुर**

